नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरवार, काठमाडौं
नेपाल

## विज्ञप्ति

सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड'ज्यूले मिति २०८० चैत्र १२ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा आयोजित कार्यक्रममा २०८० वैशाख ०१ गतेदेखि हालसम्म सेवानिवृत्त हुनुभएका नेपाल सरकारका ९ (नौ) जना पूर्व सचिवहरू एवम् राजपत्रांकित विशिष्ट श्रेणीका कर्मचारीहरूलाई बिदाइ गर्नुभएको छ।

उक्त बिदाइ समारोहमा सम्माननीय प्रधानमन्त्रीज्यूले पूर्व-सचिवहरू श्री केवलप्रसाद भण्डारी, श्री गोपिकृष्ण खनाल, श्री दिनेश कुमार घिमिरे, श्री देवकुमारी गुरागाइँ, श्री धनराज ज्ञवाली, श्री यादव प्रसाद कोइराला, श्री रामप्रसाद थपिलया, श्री सूर्यप्रसाद गौतम एवम् पूर्व कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेलाई कदरपत्र सँगै दोसल्ला ओढाएर सम्मान गर्नुभएको थियो।

त्यस अवसरमा सम्माननीय प्रधानमन्त्रीज्यूले निजामती सेवामा रहँदा देशका लागि पुऱ्याउनुभएको योगदानका लागि धन्यवाद ज्ञापन गर्दै भविष्यमा सरकारलाई आवश्यक परेका बखत पूर्व कर्मचारीहरूको अनुभव र विज्ञताको उपयोग गरिने बताउनुभयो। बिदाइ हुनुहुने पूर्व-सचिव श्री देवकुमारी गुरागाइँले कुनै दबाब र प्रभावमा नपरी निरन्तर रूपमा देशको सेवा गर्न पाएकोमा खुसी व्यक्त गर्दै सरकारले आवश्यक ठानेर जिम्मेवारी प्रदान गरेमा भविष्यमा पनि जिम्मेवारी निर्वाह गर्न तत्पर रहेको बताउनुभयो।

२०८० साल चैत्र १२ गते, सोमबार

**नारायण प्रसाद भट्ट**
**प्रवक्ता**

टेलिफोनः ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२१११०२, ४२११०६४
फ्याक्सः ४२११०६५, ४२११०८६, ४२११०३५, ४२११०२१, ४२११०४७, पो.ब.नं. २३३१२ काठमाडौं, नेपाल
इमेलः info@opmcm.gov.np
वेब साइटः http://www.opmcm.gov.np